# इस्मा गाउँपालिका

# वार्षिक नीति तथा कार्यक्रम

# आ.व. २०७९/०८०

गाउँ कार्यपालिकाको कार्यालय

इस्मा रजस्थल, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

०८, आषाढ २०७९

**आदरणीय गाउँ सभा सदस्य ज्यूहरु !**

नेपालको भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी राष्ट्रको समान तथा समुचित विकासका निम्ति प्रत्येक वर्ग, समुदाय, धर्म, लिङ्ग, पेशा, जात-जातिको सहभागिता एवम् समान अवसरको आकांक्षा सहित मलुकमा स्थापित संघीयता पश्चात् सम्पन्न स्थानीय तहको निर्वाचनको पहिलो कार्यकाल समाप्त भए पछि गत २०७९ वैशाख ३० गते सम्पन्न निर्वाचनबाट निर्वाचित भई यस सम्मानित सभामा आगामी आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्दा मलाई हर्षानुभूति भएको छ ।

आफ्नो अभिमतद्वारा हामीलाई निर्वाचित गरी इस्माको सेवक बन्ने अवसर प्रदान गर्नु भएकोमा समस्त इस्माबासी नागरिकहरुलाई धन्यवाद प्रकट गर्दछु । लोकतन्त्र, राष्ट्रहित र अग्रगामी परीवर्तनका लागि नेपाली जनताले पटक-पटक गरेका आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै शहीद, बेपत्ता र घाइते भएका पीडित नागरिकहरु प्रति उच्च सम्मान भाव व्यक्त गर्दछु ।

२०७४ साल असार १४ गते सम्पन्न स्थानीय निर्वाचनबाट निर्वाचित समितिको ५ वर्षे कार्यकालमा गरिएका कामहरु तथा तिनको दायित्व र जिम्मेवारी अब हामीमा हस्तान्तरण भएको छ । यो जिम्मेवारीलाई कुशलतापूर्वक वहन गर्दै **सुखी, खुशी, समृद्ध र समुन्नत इस्मा** निर्माणमा हामी एकताबद्ध भएर अबका ५ वर्ष क्रियाशील हुनु अपरिहार्य छ ।

**उपस्थित सदस्यज्यूहरु !**

गुल्मी जिल्लाका १२ वटा स्थानीय तहहरु लाई प्राप्त बजेटमा सबैभन्दा कान्छो हाम्रो गाउँपालिकाको चालु आ.व. को आन्तरिक श्रोत समेत १% नहुनु हाम्रो प्रमुख चुनौती हो । नागरिकहरु मा सचेतना थप गरी " **कर तिर्नु कर्तव्य मात्र होइन गौरव पनि हो**" भन्ने भावना जागृत गराउनु पर्छ । स्थानीय श्रोत तथा साधनको उच्चतम प्रयोग गर्दै धार्मिक, साँस्कृतिक तथा पर्यटकीय सम्भावनाहरु, कृषि र पशुपालनका माध्यमद्वारा रोजगार एवम् उद्यमका अवसरहरु थप्दै इस्मा गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गर्नु वर्तमान आवश्यकता हो ।



भगत सिंह खड्का
अध्यक्ष

अब म यस गाउँपालिकाको आर्थिक वर्ष ०७९/०८० को प्रस्तावित उद्देश्य, नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अपनाइएका विधि, आधार र मार्गदर्शनका बारेमा जानकारी गराउन चाहन्छु ।

- नेपालको संविधान, २०७२
- बजेट तथा योजना तर्जुमा सम्बन्धी (संशोधित ) दिग्दर्शन, २०७४
- गाउँपालिकाको कार्यविभाजन नियमावली, २०७४
- गाउँपालिकाबाट पारित कार्य सम्पादन नियमावली, २०७४
- गाउँसभा सञ्चालन कार्यविधि, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अर्थ मन्त्रालयको नीति तथा निर्देशन
- संघीय सरकारबाट प्राप्त बजेट सिलिङ
- प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ
- राजश्व परामर्श समितिले तयार गरेको वार्षिक आन्तरिक श्रोत
- गाउँपालिका क्षेत्र भित्रका विषय विज्ञको राय सल्लाह एवम् सुझाव
- श्रोत अनुमान तथा बजेट तर्जुमा समितिको सिफारिस
- विभिन्न विषयगत समितिको सुझाव एवम् सिफारिस
- आवधिक गाउँ विकास योजना(०७५/०७६-०७९/०८०)
- गाउँपालिकामा हाल सम्म तर्जुमा भएका कार्यविधि / नियमावली / निर्देशिका/ मापदण्ड / रणनीति/ ऐन

**आदरणीय गाउँ सभा सदस्य ज्यूहरु !**

यस गाउँपालिकाद्वारा आगामी आ.व. २०७९/०८० का लागि आयोजना छनौट गर्दा अवलम्बन गरिने नीतिका बारेमा जानकारी गराउन चाहन्छु ।

- शिक्षा र स्वास्थ्यको क्षेत्रमा गुणस्तरीयता अभिवृद्धि हुने कार्यक्रमहरु
- कृषि सडक र हरित मार्गलाई प्राथमिकता



भगत सिंह खड्का
अध्यक्ष

- स्थानीय स्रोत तथा साधनको अधिकतम उपयोग हुने कार्यक्रमहरु
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका कार्यक्रमहरु
- विकासको नाममा बजेटलाई भागबन्डा गरी छर्ने भन्दा पनि प्राथमिकताको आधारमा शिघ्र नतिजा हासिल हुने गरी जनतालाई प्रत्यक्ष लाभ हुने योजना
- रोजगारी सिर्जना हुने कार्यक्रमहरु

गाउँपालिकाको दिगो विकासका लागि " **शिक्षा, स्वास्थ्य, कृषि, र रोजगारःखुसी र समृद्ध इस्माको मुख्य आधार"** भन्ने सोचका साथ अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनासहित अघि बढ्नुपर्ने अनिवार्यता महशुस गरी आवधिक तथा गुरुयोजना तयार गरिनेछ जसमध्ये दीर्घकालिन लक्ष्यका साथ अवलम्बन गर्ने नीति प्रस्तुत गर्दछु ।

- गाउँपालिका क्षेत्रको समग्र विकासका लागि बृहत एकिकृत गाउँपालिकास्तरीय आवधिक/गुरुयोजना तयार गर्ने ।
- सार्वजनिक सम्पत्तिको पहिचान गरी संरक्षण र सम्बर्द्धन गर्ने ।
- गाउँपालिका **चक्रपथलाई कालोपत्रे** गर्ने ।
- गाउँपालिका भित्रका धार्मिक, साँस्कृतिक, ऐतिहासिक र पर्यटकीय स्थलहरु पहिचान गरी पर्यटकहरु आकर्षित गर्न **पर्यटकीय Route** निर्माण गर्ने ।
- छल्दी जलाधार क्षेत्रमा तटबन्धन गरी **जलाशय** निर्माण गर्ने ।
- कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण उन्मुख कार्यक्रमहरु ।
- स्थानीय साधन श्रोतमा आधारित उद्योग धन्दा र व्यवसायलाई प्राथमिकता दिदै गाउँपालिका भित्र उद्योग व्यवसाय सञ्चालनका लागि व्यवस्था मिलाउने ।
- शिक्षा, स्वास्थ्य र रोजगारका अवसरहरु वृद्धि गरी बसाई सराई निरुत्साहित गर्दै आगामी १५ वर्षमा इस्मा गाउँपालिकालाई **नगरपालिका उन्मुख** बनाउने ।

भगत सिंह खड्का
अध्यक्ष

**उपस्थित गाउँसभा सदस्यज्यूहरु !**

हाम्रो गाउँपालिकाको प्रमुख समस्या मध्ये बसाई सराई पनि एउटा हो । शिक्षा र स्वास्थ्यको पहुँचका लागि मात्र नभई रोजगारको सम्भावनामा समेत इस्माबासीहरु बसाईसराई गरी अन्यत्र जाने क्रम बढ्दो छ ।

**"इस्माका युवा इस्मामै सेवा"** अभियान अन्तर्गत बेरोजगार युवा तथा नागरिकहरुको लगत तयार गरी इस्मा भित्र विकासका पूर्वाधार निर्माणमा उनीहरुलाई चक्रीय नीति (Rotational Policy) का आधारमा सहभागी बनाइनेछ । उनीहरुले कामको मापनका आधारमा पारिश्रमिक पाउनेछन् ।

अब म आगामी वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

## १. आर्थिक विकास

१.१ आलु पकेट कार्यक्रमलाई निरन्तरता दिदै नयाँ पकेट क्षेत्रहरु विस्तार गरी कृषि उत्पादनलाई भण्डारण गर्ने र बेमौसमी रुपमा समेत सञ्चित गरी कृषकहरु लाई उचित मूल्य प्राप्त होस् भन्ने उद्देश्यले **शितभण्डार गृह ( Cold Store)** निर्माणको काम अघि बढाइनेछ ।

१.२ कृषि सेवा केन्द्र र पशु सेवा केन्द्र विस्तार गरी **एक वडा, एक कृषि प्राविधिक**को अवधारणा ल्याइनेछ । गाउँपालिका भित्र कृषि शिक्षा अध्ययन पूरा गरेका विद्यार्थीहरु लाई समेत यस अवधारणामा सहभागी गराइनेछ ।

१.३ **बाली तथा पशुपंक्षीको निःशुल्क बिमा**को व्यवस्था मिलाइनेछ ।

१.४ इस्मा गाउँपालिका वडा नं ४ र ५ का लागि इस्मा मैदानमा **कृषि तथा पशु सेवा इकाई** सञ्चालन गरिनेछ ।

१.५ कृषि विषय अध्ययन गर्ने विद्यार्थीको शिक्षा तथा सीप परिस्कृत गराउन **एकिकृत कृषि बगैंचा** स्थापना गरी कृषि पर्यटन समेतको मार्ग प्रशस्त गरिनेछ ।

१.६ कृषि उद्यमलाई आवश्यक **सहुलियत कर्जा र अनुदान**को व्यवस्थाको लागि आवश्यक समन्वय गरिनेछ ।

१.७ कृषि उत्पादकत्व बढाउन तथा कृषकलाई सहजीकरण गर्न माटो परीक्षणको निम्ति **ल्याब** स्थापना गरिनेछ ।



भगत सिंह खड्का
अध्यक्ष

१.८ **प्राविधिक शिक्षा** अध्ययनमा प्रोत्साहित गर्नका निम्ति इस्मा गाउँपालिकाको एकमात्र प्राविधिक विद्यालय(कृषि बाली विज्ञान तर्फ) हिमालय माध्यमिक विद्यालय हस्तिचौरबाट अध्ययन पूरा गरी उत्तीर्ण १ जना विद्यार्थीलाई उत्कृष्ट क्रमको आधारमा **कृषि प्राविधिकको रुपमा करार नियुक्ति** गरिनेछ।

१.९ कृषकहरुको उत्पादनलाई सुरक्षित भण्डारण र बजारीकरण बीच **सेतुको** भूमिका निर्वाह गरी अन्य स्थानीय तह समेतको तालमेलमा बजारीकरण सुनिश्चितताको वातावरण तयार गरिनेछ । उत्पादन संकलन तथा बजारीकरणका लागि **कृषि एम्बुलेन्स**को व्यवस्था गरिनेछ । सहकारीलाई अनुदानमा प्रदान गरिएका सवारी साधनलाई पनि उक्त कार्यका लागि प्रयोग गरिनेछ। सार्वजनिक, सहकारी र निजी मोडलमा उत्पादनलाई बजारीकरण गरिनेछ । सहकारी मार्फत कृषि उपज बिक्री वितरण गर्ने कृषकहरु लाई विभिन्न अनुदानको व्यवस्था गरिनेछ।

१.१० **हरेक घरमा आयुर्वेदिक जडीबुटी** लगाउने गरी बिरूवाको लागि इस्मा गाउँपालिका वडा नं. ५ मा स्थापित जडिबुटी सूचना केन्द्रमा समन्वय गरिनेछ । आरोग्य केन्द्रसँग समन्वय गरी गाउँपालिकामा आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा प्रणालीलाई प्रोत्साहित गरिनेछ । जडीबुटी सूचना केन्द्रलाई प्रदेश सरकार सँगको साझेदारीमा थप विकास गर्दै जडीबुटी बिरुवाको श्रोत केन्द्रको रुपमा विकास गरी कृषकलाई जडीबुटी खेतीतर्फ आकर्षित गरिनेछ। जडीबुटी खेती र तिनको सङ्कलन केन्द्र स्थापनाको योजंना तयार गरिनेछ।

१.११ **एक घर एक गोठ, दश फलफूलका बोट** सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। कागती लगायत अमिलो जातका फलफूलको व्यवसायिक खेती प्रबर्द्धनलाई निरन्तरता दिइनेछ।

१.१२ स्थानीय उत्पादनलाई ब्राण्ड बनाउने कार्य अगाडी बढाइनेछ । साग, सिस्नो, डौडे, निउरो, बेलाउती जस्ता स्थानीय उत्पादनलाई प्रोत्साहन गरी बेमौसमी समयमा तिनको उपभोग एवम् बजारीकरणका लागि **Solar drier** को व्यवस्था गरिनेछ।

१.१३ इस्मा गाउँपालिका सम्पूर्ण **कृषकहरुलाई सफ्टवेयर** माध्यमबाट **सूचिकरण** गरिनेछ।

१.१४ इस्मा गाउँपालिका भित्र स्थानीय कच्चा पदार्थको उपयोगद्वारा **गाईवस्तु दाना उत्पादन केन्द्र** स्थापना गरिनेछ।

भगत सिंह खड्का
अध्यक्ष

१.१५ पशुपंक्षीबाट मानिसमा सर्ने महामारी रोग नियन्त्रण तथा रोकथामका लागि आवश्यक व्यवस्थापन गरिनेछ। यसका लागि घरपालुवा तथा भुस्याहा कुकुरहरुलाई रेबिज खोप लगाउने एवम् भुस्याहा कुकुरहरुको बन्ध्याकरण गर्ने, पशुपन्क्षी रोगको अन्वेषण, सङ्कलन तथा रिपोर्टिङ्ग गरिनेछ।

१.१६ खाद्यान्न बाली उत्पादन बढाउनका लागि उन्नत **बिउ बैंक (Seed Bank)** स्थापना गर्ने तथा सोको अनुगमन निरीक्षण तथा बिउ वितरणलाई प्रोत्साहन अनुदान दिइनेछ।

१.१७ पशुहरुका लागि खोप तथा औषधीको व्यवस्था, खोर एवम् गोठ सुधार कार्यक्रम, नश्ल सुधारको माध्यमबाट दुध र मासुको उत्पादन बढाउनको लागि **कृत्रिम गर्भाधान** कार्यक्रम सञ्चालन गरिनेछ।

१.१८ वन्यजन्तुबाट कृषि उपजको क्षति हुन गएमा सोको मुल्यांकन गरी कृषकलाई न्युनतम लागत राहत उपलब्ध गराउने नीति लिइनेछ।

१.१९ गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउन व्यवसायिक गाई तथा भैंसीपालन गर्ने व्यक्ति/ फर्म/ समूहलाई **हेरालु व्यवस्था**का लागि संख्याको **अनुपातमा अनुदान** दिइनेछ। सो सुविधा प्राप्त गर्न न्युनतम ५ वटा दुहुना उन्नत जातका गाई/भैसी पालन गर्नु पर्नेछ।

१.२० कृषि क्षेत्रलाई प्रोत्साहन गर्न साना किसानहरुलाई मागका आधारमा प्राविधिक अनुगमन पछि कृषिजन्य सामग्री (टनेल, Sprayer, प्लास्टिक पोखरी आदि) **अनुदान**मा दिइनेछ। कृषि क्षेत्रलाई प्रोत्साहित र सम्मानित गर्न उत्कृष्ठ किसानलाई सम्मान गरिनेछ।

१.२१ व्यवसायिक मौरीपालन र मह उत्पादनका लागि तालिम सञ्चालन गरी मौरी घार समेत वितरण गरिनेछ।

१.२२ **इस्माका महिला, उद्यममा पहिला** भन्ने अभियान अन्तर्गत टपरी उद्योग स्थापना गरिनेछ। टपरीको बजारीकरणमा गाउँपालिकाद्वारा सहयोग गरिनेछ।

१.२३ **सीप सिकौं, उद्यमी बनौं** अभियान अन्तर्गत हरेक वडामा एकल र विपन्न महिलालाई सीप प्रदान गरी उद्यमसँग जोडिनेछ।

१.२४ गाउँपालिका भित्र घरेलु उद्योग, जुत्ता, ब्याग, लगायतका उद्योगधन्दा स्थापना र सञ्चालन गर्नको लागि व्यवसायीहरुलाई आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिनेछ।

भगत सिंह खड्का
अध्यक्ष

१.२५ **एक वडा एक उद्योग** अवधारणा अनुरुप इस्माली नागरिकलाई उद्यमसँग जोडिनेछ । प्रत्येक वडामा उद्योग स्थापनाका लागि प्रोत्साहन गर्न नयाँ उद्योग सञ्चालन गर्दा दर्ता शुल्क छुट गरिनुका साथै उत्पादित वस्तुको बजारीकरणमा सहयोगी भूमिका निर्वाह गरिनेछ ।

१.२६ परम्परागत सीप, स्थानीय कच्चा पदार्थ एवम् **बाँसजन्य** वस्तुद्वारा उत्पादित सामग्री जस्तैः डोका, नाम्ला, नाङ्लो, डाला, मान्द्रा, थुङसे, दाम्ला, हलो, जुवा लगायत सामग्रीको **बजारीकरणका** लागि गाउँपालिकाद्वारा सहयोग गरिनेछ ।

१.२७ परम्परागत **आरन सुधार** गरी श्रम र लागत घटाएर उत्पादन बढाउन टेवा पुर्याइनेछ ।

१.२८ **Ceramics उद्योगलाई** थप व्यवस्थित गरी गुणस्तरीय उत्पादनमा प्रोत्साहन गरिनेछ ।

१.२९ छल्दीखोला तटबन्धन गरी **बहुउद्देश्यीय जलाशय** निर्माण पछि **बोटिङ्ग (Boating)** समेतको व्यवस्था हुने गरी निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ । यसलाई सिंचाईको लागि प्रयोग गर्दै पर्यटन प्रबर्द्धन समेत गरिनेछ ।

१.३० इस्मा भित्रका धार्मिक, ऐतिहासिक, साँस्कृतिक र आकर्षक स्थलहरुलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गरिनेछ । ऐतिहासिक तथा धार्मिक महत्व बोकेका इस्माकोट दरबारसहित भैरव मन्दिर, माइकास्थान मनकामना मन्दिर, खजुरे छत्रदेवीकोट, भिर्लेमेला मन्दिर, गायत्री शक्तीपिठ, जालपादेवी मन्दिर, देउराली, अमरपुरकोट, उजुङ्कोट, रामकोट, थामकागढी लगायतका क्षेत्रहरुलाई गाउँपालिका भित्रका **पर्यटकीय स्थलमा सुचिकरण** गरिनेछ । पर्यटन प्रवर्द्धनको लागि होमस्टे सञ्चालन गर्न आवश्यक पहल गरिनेछ र सञ्चालन गरेकालाई प्रबर्द्धन गरिनेछ । स्थानीय मठमन्दिर र मौलिक कला संस्कृतिको संरक्षण तथा प्रबर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१.३१ वडा नं २ को **खजुरेडाँडा** र वडा नं ३ को **झुलेडाँडा**मा सिढीं तथा रेलिङ निर्माण गरी पर्यटकीय स्थलका रुपमा विकसित गरिनेछ ।

१.३२ आन्तरिक तथा बाह्य पर्यटकलाई समेत आकर्षित गर्न गाउँपालिका भित्र एउटा पिकनिक एवम् मनोरञ्जन स्थल निर्माण गरिनेछ ।

१.३३ सहकारीको माध्यमद्वारा **सामुदायिक रेडियो** सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

१.३४ यस गाउँपालिका अन्तरगत संचालित सहकारी संस्थाहरुको नियमन तथा व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।



भगत सिंह खड्का
अध्यक्ष

१.३५ आर्थिक विकासको निम्ति छरिएर रहेको स्थानीय पूँजी, श्रम, सीप र स्रोत परिचालन गराउने माध्यमको रुपमा सहकारीलाई विकास गरी आर्थिक रुपमा विपन्न नागरिक, महिला तथा निम्न वर्गका जनताको जीवनस्तर उकास्ने माध्यमको रुपमा अगाडि बढाइनेछ।

१.३६ परम्परागत घरेलु तथा लघु उद्यमहरुको विकास गर्न सहकारीलाई प्रयोग गरी युवाहरुमा उद्यमशीलता विकास गर्नका निम्ति सहकारीको पहुँचलाई टोल-टोलमा विस्तार गर्ने नीति अवलम्बन गरिनेछ।

१.३७ इस्मा गाउँपालिकाका खेतियोग्य जमिनहरुमा सिंचाइ सुविधा पुर्याउन गुरुयोजना तयार गरिनेछ।

१.३८ कुलो तथा बाँध संरक्षण गर्ने नीतिलाई आत्मसात गरिनेछ। पहिरो तथा भू-क्षयले गर्दा क्षति पुगेका कुलोहरुको मर्मत गरी अवरुद्ध भएको सिंचाइ सुविधालाई निरन्तरता दिइनेछ।

१.३९ इस्मा गाउँपालिकाको अन्न भण्डारको रुपमा परिचित वडा नं ६ को **चौरासी फाँट**को सिंचाइ कुलो व्यवस्थित गरिनेछ।

१.४० सिचाँई क्षेत्रका **साना, मझौला** तथा **बृहत सिंचाई** योजनाहरुको वर्गिकरण गरी व्यवस्थापन गर्ने नीति लिइनेछ।

१.४१ गाउँपालिकाको उत्तरी पहाडी भू-भाग र दक्षिणको छल्दी जलाधार क्षेत्रलाई आय आर्जनयुक्त पर्यटकीय आकर्षण केन्द्रको रुपमा विकास गरिनेछ।

१.४२ पलाष्टिक माला र फूलमाला आयात प्रतिस्थापन गर्नको लागि **पुस्प खेती (Floriculture)** गर्ने व्यवसायी उद्यमीलाई अनुदान व्यवस्था मिलाइनेछ।

## २. सामाजिक विकास

२.१ शैक्षिक वर्ष २०७९ लाई **सिकाइ सुधार वर्ष**को रुपमा अघि बढाइनेछ। विषयगत रोष्टरहरुको व्यवस्था गरी सिकाई सुधारका लागि शिक्षक, कर्मचारीहरुलाई तालिम प्रदान गरी प्राविधिक सहयोग कक्षाकोठामा पुर्याइनेछ।

२.२ जनप्रतिनिधि, शिक्षक, कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नको लागि बहुपयोगी कम्प्युटर ल्याब स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

भगत सिंह खड्का
अध्यक्ष

२.३ सामुदायिक विद्यालयहरुमा इन्टरनेट सेवा पुर्याउने, विद्यालय व्यवस्थापन सूचना प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन गरिने र **विद्युतीय हाजिरी** व्यवस्थापन प्रणालीलाई पूर्ण रुपमा लागु गरिनेछ।

२.४ शिक्षाको गुणस्तर अभिवृद्धि गर्न भूगोल, विद्यार्थी संख्या आदिको आधारमा **कक्षा, तह** वा **विद्यालय समायोजन** तथा दरबन्दी मिलान गर्ने नीति अवलम्बन गरिनेछ।

२.५ इस्मा गाउँपालिका भित्रका माध्यमिक विद्यालयमा कार्यरत विद्यालय सहायक कर्मचारीलाई प्रोत्साहन गरिनेछ।

२.६ गुल्मी जिल्ला अन्तर्गतका कलेजमा उच्च शिक्षा अध्ययन गर्ने इस्मा गाउँपालिकाका **विपन्न, जेहेन्दार र कुमाल** जातिका विद्यार्थीका लागि **छात्रवृत्ति** उपलब्ध गराउने र अध्ययन पश्चात कम्तीमा ३ महिना गाउँपालिकाले तोकेको क्षेत्रमा **स्वयंसेवकको** रुपमा कार्य गर्ने व्यवस्था मिलाइनेछ।

२.७ अभिभावकविहिन तथा सिकाई अवसरबाट वञ्चित बालबालिकाहरु का लागि आवासको व्यवस्था गरी कक्षा १ देखि ३ सम्म तोकिएको पाठ्यक्रम सहित **नैतिक संस्कार सहितको शिक्षा** उपलब्ध गराउने गरी **गायत्री शक्तिपिठ** इस्मा-१, हस्तिचौरमा सिकाई कार्यक्रम सञ्चालन गरिनेछ।

२.८ सामुदायिक विद्यालयमा कार्यरत **शिक्षक प्रसुति बिदामा** बसेको वा १५ दिन भन्दा बढि समय तालिममा रहँदाको अवस्थामा विद्यालयमा सिकाई सहजीकरण निरन्तरताका लागि **स्वयंसेवक शिक्षकको बैंक** स्थापना गरी स्वयंसेवक शिक्षकको व्यवस्था गरिनेछ ।

२.९ बाल विकास केन्द्रहरुको शैक्षिक एवम् भौतिक स्तर वृद्धि गर्दै लगिनेछ।

२.१० शिक्षा ऐन र नियमावलीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै **स्थानीय पाठ्यक्रम** निर्माण गरी लागु गरिनेछ।

२.११ विभिन्न कारणले विद्यालय जानबाट वञ्चित रहेका बालबालिकाहरुलाई विद्यालय शिक्षाको मुल प्रवाहमा समाहित गर्न कार्यक्रम सञ्चालन/ कार्यान्वयनमा प्रभावकारिता ल्याइनेछ ।

२.१२ विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने विद्यालय व्यवस्थापन समिति, पेशा प्रति निष्ठावान भई पदीय दायित्व निर्वाह गर्ने शिक्षकहरु मध्येबाट सुचकका आधारमा **उत्कृष्ट शिक्षक र उत्कृष्ट विद्यालय व्यवस्थापन समिति**लाई पुरस्कृत गरिनेछ।

भगत सिंह खड्का
अध्यक्ष

२.१३ विद्यालयमा स्वच्छ वातावरण कायम गर्न **"रुख रोपौं, वातावरण जोगाऔं "** भन्ने नाराका साथ विद्यालय वृक्षारोपण कार्यक्रम गरिनेछ।

२.१४ प्राविधिक तथा व्यवसायिक शिक्षा (कृषि, पशु, ओभरसियर, ल्याब, अमिन) प्राथमिकता दिदै आ.व. २०७९/०८० देखि इस्मा गाउँपालिकामा **एक/एक** जनाको दरले **विपन्न** तथा **जेहेन्दार** विद्यार्थीलाई **प्राविधिक** विद्यालयमा अध्ययन गरे बापत **छात्रवृत्ति** प्रदान गरिनेछ।

२.१५ निःशुल्क शिक्षा कार्यान्वियन क्रममा कक्षा **११** र **१२** मा पढ्ने विद्यार्थीहरुलाई **मासिक शुल्क छुट** हुने व्यवस्था मिलाइनेछ।

२.१६ इस्मा गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई **निःशुल्क परीक्षा** लिने व्यवस्था गरिनेछ।

२.१७ इस्मा गाउँपालिका भित्रका आधारभूत विद्यालयलाई **प्रविधिमैत्री** बनाउन ल्यापटप, प्रिन्टर र इन्टरनेट जडान गरिनेछ।

२.१८ सात देखि बाह्र वर्षसम्मका बालबालिकाहरू मा **असल संस्कार** विकास गराउन सबै विद्यालयहरू मा सो सम्बन्धी कक्षा सञ्चालन हुने व्यवस्था मिलाइनेछ।

२.१९ विद्यार्थीहरू का समस्या र शैक्षिक सुधार सम्बन्धी सुझाव सङ्कलन गर्न **विद्यार्थीसँग अध्यक्ष** कार्यक्रम सञ्चालन गरिनेछ।

२.२० यस गाउँपालिका भित्र रहेका सम्पूर्ण विद्यालयहरुमा कार्यरत स्थानीय श्रोतमा रहेका शिक्षकहरू लाई प्रोत्साहन दिइनेछ।

२.२१ इस्मा गाउँपालिका भित्र कम्तिमा एउटा **गुरुकुल शिक्षा**को वयवस्था गरिनेछ।

२.२२ दोहली स्वास्थ्य चौकीलाई पाँच शैयाको **इस्मा अस्पताल**को रुपमा सञ्चालन गर्न आवश्यक कार्यहरु गरिनेछ।

२.२३ इस्माबासीको स्वास्थ्यमा सुधार गरी **"स्वास्थ्य जीवनको पूर्वाधार; खुसी इस्मालीको मूल आधार"** लाई प्राथमिकतामा राखी उनीहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याउने कार्यक्रम अघि बढाइनेछ। स्वास्थ्य संस्थामा आवश्यक स्वास्थ्य सामाग्री व्यवस्था गर्दै मुटु, आँखा, महिला रोग, जस्ता दीर्घ रोगीहरुको अवस्था सुधार तथा उपचारका लागि **निःशुल्क स्वास्थ्य शिविर** सञ्चालन गरिनेछ।

भगत सिंह खड्का
अध्यक्ष

२.२४ स्वास्थ्यकर्मीको पेशागत तथा प्राविधिक क्षमतामा अभिवृद्धि गरिनेछ । **बिरामीहरुको डिजिटल अभिलेखीकरण**का लागि सफ्टवेयर (Software) को प्रयोग गरी सहज रुपमा उपचार गर्ने वातावरण विकास गरिनेछ ।

२.२५ पाँच वर्ष मुनिका बालबालिका, ८० वर्षमाथिका जेष्ठ नागरिक र गर्भवती महिलाहरुका लागि स्वास्थ्यकर्मीको सिफारिसमा इस्मा गाउँपालिका भित्रका **प्रयोगशाला परीक्षणमा** उपलब्ध सेवाहरु **नि:शुल्क** उपलब्ध गराइनेछ ।

२.२६ इस्माली नागरिकहरू को सुलभ स्वास्थ्यपोचारका निम्ति स्वास्थ्य बिमाको क्षेत्र फराकिलो गर्दै लगिनेछ । विपदमा परेका तथा जटिल रोगीहरुको उपचारका लागि आवश्यक मापदण्डमा आधारमा आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

२.२७ तोकिएका आधारहरु पुरा गरी आ.व. २०७९/८० मा इस्मा गाउँपालिकालाई **जिरो होम डेलिभरी (Zero Home Delivery)** वडा र गाउँपालिका घोषणा गरिनेछ ।

२.२८ पछिल्लो समयमा महामारीको रुपमा देखिएको कोभिड-१९ को विरुद्धमा संचालन गरिएको खोप कार्यक्रमलाई हरेक जनताको पहुँचमा पुर्याई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै **पूर्ण कोभिड खोप** कार्यक्रम सार्थक रुपमा घोषणा गरिनेछ ।

२.२९ इस्मा गाउँपालिका वडा नं. ६ बुल्म, वडा नं ४ हुल / खगरेटा र घर्तीफाँट देखि आम्बोट भित्रको स्थलमा गरी ३ वटा **सामुदायिक स्वास्थ्य क्लिनिक** स्थापना गरिनेछ ।

२.३० असी वर्ष माथिका ज्येष्ठ नागरिकलाई **घरघरमा स्वास्थ्य परीक्षण** गरिनेछ तथा अन्य जेष्ठ नागरिकलाई **टोलटोलमा स्वास्थ्य परीक्षण** तथा आवश्यक परामर्श प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

२.३१ इस्मा गाउँपालिका भित्र कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरु लाई प्रोत्साहन गरिनेछ ।

२.३२ हरेक **वडा**मा खानेपानी आपूर्ती तथा सहजताको लागि **एक Plumber** को व्यवस्था गरिनेछ ।

२.३३ Gravity द्वारा सञ्चालन भई रहेका गाउँपालिका भित्रका ठूला खानेपानी योजनाको मर्मतको व्यवस्था गरिनेछ ।

भगत सिंह खड्का
अध्यक्ष

२.३४ गाउँपलिकामा सञ्चालित एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ। हालसम्म २६३७ घरधुरीमा एक घर एक धारा जडान सम्पन्न भएकोमा यसलाई आगामी आ.व. मा ३५०० घरधुरी सम्म पुर्याइनेछ।

२.३५ इस्मा गाउँपालिका वडा नं. ६ लाई एक घर एक धारा युक्त वडा घोषणा गरिनेछ।

२.३६ विद्यालयको तह अनुसार तोकिएको यूनिट बराबर खानेपानी समितिद्वारा निःशुल्क खानेपानी सुविधा दिने व्यवस्था मिलाइनेछ।

२.३७ इस्मा गाउँपालिका भित्र सञ्चालन भई रहेका खानेपानी योजनाहरु व्यवस्थित गर्न **इस्मा गाउँपालिका खानेपानी बोर्ड** गठन गरिनेछ।

२.३८ सबै समुदायको भाषा, सँस्कृतिको संरक्षण, कलाको विकास र विशेष गरी अल्पसंख्यक नागरिकहरुको संस्कृतिको संरक्षण र उत्थान गरिनेछ।

२.३९ परम्परागत नाच, भैलो , देउसी, तीज गीत, सराय नाच, घाटु नाच, माघी पर्व, पञ्चेबाजा, सोरठी, भजन किर्तन र लोक संस्कृतिको सम्बर्द्धन र प्रबर्द्धन गरिनेछ।

२.४० धार्मिक र ऐतिहासिक महत्व बोकेका मठ-मन्दिरहरुको जिर्णोद्वार र पुनःनिर्माणको नीति अवलम्बन गरिनेछ।

२.४१ विपन्न तथा एकल महिलालाई आत्मनिर्भर बनाउन आय आर्जन कार्यक्रम सञ्चालन गरिनेछ। उनीहरुलाई सीप प्रदान गरी उद्यमी बन्न प्रोत्साहित गरिनेछ।

२.४२ जेष्ठ नागरिकको सम्मान गर्दै जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र अनुभव हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।

२.४३ जेष्ठ नागरिक, दीर्घरोगी, मानसिक रोगीहरुको स्वास्थ्य जाँचको साथै परामर्श सेवा समेत जिल्ला अस्पतालसँग समन्वय गरी वडा वडामा निःशुल्क स्वास्थ्य शिविर **जनतासँग स्वास्थ्यकर्मी कार्यक्रम** सञ्चालन गरिनेछ।

२.४४ साठी वर्षमाथिका मधुमेह, उच्च रक्तचापका रोगीहरु लाई **निःशुल्क औषधी** वितरण गरिनेछ।

२.४५ लैङ्गिक हिंसा र जातीय विभेद विरुद्धका अभियानलाई प्रभावकारी ढंगले अघि बढाइनेछ।

भगत सिंह खड्का
अध्यक्ष

२.४६ लैङ्गिक हिंसा, शोषण, मानव वेचबिखन, विभेद तथा दुर्व्यवहार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै **महिला उत्थान कार्यक्रम** सञ्चालनको लागि पहल गरिनेछ। हिंसा, सामाजिक विभेद, द्वन्द्व पीडित र दुर्व्यवहारमा परेका महिलाहरुलाई तत्काल उद्दार गरी राहत, आर्थिक सहयोग, उपचार, पुनर्स्थापना, कानुनी सहायता, मनोविमर्श तथा मनोवैज्ञानिक उपचार जस्ता कार्यका लागि आ.व. २०७९/०८० देखि **लैङ्गिक हिंसा निवारण कोष** सञ्चालनमा ल्याइनेछ।

२.४७ संविधान प्रदत्त मौलिक हक कार्यान्वयन गर्न महिला तथा बालबालिकाका लागि आवश्यक कार्यक्रम तथा बाल संरक्षण नीति कार्यान्वयन गरिनेछ।

२.४८ इस्मा गाँउपालिकालाई **महिला हिंसा मुक्त** गाउँपालिका निर्माणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

२.४९ किशोरीहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ। **किशोरी आत्मरक्षा** कार्यक्रम सञ्चालन गरिनेछ।

२.५० अनाथ बालबालिकाका लागि संरक्षण नीति अवलम्बन गरी उनीहरू का लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

२.५१ मानव बेचबिखन विरुद्धको दिवस, राष्ट्रिय बाल दिवस, महिला दिवस, किशोरी दिवस, अन्तरराष्ट्रिय सामाजिक लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस, अन्तराष्ट्रिय महिला दिवस लगायतका महत्वपूर्ण दिवसहरु प्रभावकारी रुपमा संचालन गरिनेछ। सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको दिन **उत्कृष्ट सामुदायिक स्वास्थ्य स्वयंसेविका** लाई सम्मान गरिनेछ।

२.५२ बालमैत्री गाउँपालिका निर्माणको अभियानमा बालबालिकाहरुको सहभागितालाई प्रोत्साहित गरिनेछ।

२.५३ जलवायु परीवर्तनले महिलाहरुमा पारेको असर तथा प्रभावलाई न्यूनीकरणका लागि सचेतना कार्यक्रम गरिनेछ।

२.५४ अनाथ, असहाय, अपाङ्ग र विपन्न बालबालिकालाई छात्रवृत्ति प्रदान गरिनेछ।

२.५५ **दलित तथा कुमाल परिवारका बुहारीलाई** उच्च शिक्षा(स्नातक) पढाउने परिवारका घरमूलीलाई राष्ट्रिय दिवसको अवसर पारेर सम्मान गरिनेछ।



भगत सिंह खड्का
अध्यक्ष

२.५६ **पचपन्न वर्ष माथिका एकल पुरुषलाई सामाजिक सुरक्षा भत्ता** दिइनेछ।

२.५७ "दिगो विकासका लागि महिला सशक्तीकरण" भन्ने मान्यतालाई आत्मसात गर्दै महिलाहरुको लागि सचेतनामूलक र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

२.५८ गाउँपालिका भित्र निर्माण हुने संरचनालाई **बालमैत्री, वातावरणमैत्री, अपाङ्गमैत्री तथा जेष्ठ नागरिक मैत्री** बनाइनेछ।

२.५९ **'क' वर्गको अपाङ्ग परिचय पत्र** घरमै गएर वितरण गरिनेछ।

२.६० एच.आई.भी. संक्रमितहरु लाई सीपमूलक तालिम दिई उद्यमसँग जोडिनेछ।

२.६१ आदिवासी जनजाति समुदायका संस्कृतिको संरक्षण गरिनेछ। उक्त समुदायमा विद्यमान सामाजिक कुरीतिहरु निवारण/न्युनिकरण गरिनेछ।

२.६२ विकास र विपदमा युवा परिचालनको नीति अवलम्बन गरिनेछ। बेरोजगार युवाहरुको तथ्याङ्क सङ्कलन गरी उनीहरुको सीप र ज्ञानका आधारमा उद्यम/रोजगारको **"रोजौं आफ्नो माटो, छोडौं विदेशको बाटो"**अभियान अन्तर्गत विदेशिनबाट निरुत्साहित गरी स्वदेशमै सेवा गर्न प्रोत्साहित गरिनेछ।

२.६३ युवा क्लबहरु लाई दर्ता तथा नवीकरण प्रक्रियामा ल्याई मागको आधारमा आवश्यक खेलकुद सामग्री उपलब्ध गराइनेछ। साथै युवाहरु लाई खेल तथा सामाजिक अभियान कार्यक्रममा सहभागी गराइनेछ।

२.६४ गर्भवती महिलाहरुको स्वास्थ्य र पोषणमा सुधारको लागि गर्भवती पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ। वर्थिङ्ग सेन्टरहरुलाई थप व्यवस्थित गरी सुत्केरी हुनको लागि नजिकको बर्थिङ्ग सेन्टरसम्म आउने जाने महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। गर्भवती र सुत्केरी महिलाहरुलाई निःशुल्क रुपमा क्याल्सियम उपलब्ध गराइनेछ।

२.६५ इस्मा गाउँपालिका वडा नं. १,२ र ६ मा सामुदायिक विद्युतीकरणमा प्रयोग भएका काठका पोलहरु विस्थापनका लागि आवश्यक व्यवस्था मिलाइनेछ। साथै अन्य वडामा विद्युत सुविधालाई व्यवस्थित गरिनेछ।

भगत सिंह खड्का
अध्यक्ष

२.६६ विकास निर्माण कार्यलाई **वातावरणमैत्री र दिगो विकास**को अवधारणा अनुरुप अगाडि बढाइनेछ ।

२.६७ युवाहरुलाई दुर्व्यसनी र कुलतबाट मुक्त गर्न नेपाल प्रहरी र स्थानीय संघ संस्थाको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

२.६८ जाँड र रक्सी समेतका **मादक पदार्थ सेवन नगर्ने** दलित र जनजाति समुदायका परिवारहरू सामाजिक सर्भेद्वारा पहिचान गरी त्यस्ता परिवारका बालबालिकालाई शैक्षिक साम्रगी नि:शुल्क प्रदान गरिनेछ ।

२.६९ युवामा स्वयंसेवी भावना बढाउन, सामाजिक जिम्मेवारी बोध गराउन, विपद् व्यवस्थापनमा योगदान गर्न तथा सामाजिक सुधारका कार्यमा परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम निर्माण गरी संचालन गरिनेछ ।

२.७० **राष्ट्रका लागि युवा, युवाका लागि खेलकुद** भन्ने अभियान अन्तर्गत हरेक वडामा युवा, बालबालिकाको स्वास्थ्य एवम् बहुआयमिक विकासका निम्ति खेलमैदान बनाइनेछ । जिल्ला, प्रदेश र राष्ट्रिय स्तरका खेलकुदमा संलग्न स्थानीय खेलाडीहरु लाई प्रोत्साहन गरिनेछ । प्रतिस्पर्धाको माध्यमबाट उनीहरू मा खेलको सीप निखार्न **अध्यक्ष कप** सञ्चालन गरिनेछ ।

२.७१ गाउँपालिकास्तरीय **इस्मा खेलकुद विकास समिति** स्थापना गरी क्रियाशिल बनाइनेछ ।

२.७२ गाउँपालिकाको प्रमुख सडकको दुवैतिर हरियाली कायम गर्न स्थानीयको संलग्नतामा बिरुवा रोपेर स्थानीय समुदायलाई नै संरक्षणको जिम्मेवारी प्रदान गरिनेछ ।

२.७३ **युवा संसद (Youth Parliament)** को अभ्यास लगायतका कार्यक्रममार्फत् युवा सञ्जाल तथा क्लबमा आवद्ध युवाहरू को नेतृत्व विकासमा जोड दिइनुका साथै युवा प्रतिभा प्रदर्शनका अवसर प्रदान गरिनेछ। आगामी आ.व. देखि **युवा सांसद कोष** स्थापना गरिनेछ ।

२.७४ **विदेशबाट इस्मा** फर्केर इस्मामा उद्यम/ व्यवसाय/ रोजगार गर्न चाहने युवाहरुलाई प्राथमिकता दिइनेछ । उनीहरुले इस्माका व्यवसाय सञ्चालन गर्दा दर्ता रकम छुट तथा आवश्यक व्यवसायिक/ उद्यम तालिम दिइनेछ ।

भगत सिंह खड्का
अध्यक्ष

## ३. पूर्वाधार विकास

३.१ **सडक गुरुयोजना** तयार गरी गाउँपालिका स्तरमा बाटोको मापदण्ड निर्धारण गरेर सडक व्यवस्थित गरिनेछ। इस्मा गाउँपालिका भित्रका मुख्य सडकमा नाली निर्माण सहित ग्रयाभल गरिनेछ।

३.२ सडक यातायातको पहुँच नपुगेका स्थानहरुमा सडक निर्माण गर्ने तथा विद्यमान ग्रामिण सडकहरुको स्तरोन्नति गरिनेछ।

३.३ गाउँपालिका भित्रका पूर्वाधार निर्माणमा इस्माका स्थानीय युवाहरु (विशेष गरी विदेशबाट फर्किएका) र स्थानीय सिकर्मी, डकर्मी लगायतलाई अवसर दिइनेछ। त्यसका लागि **समृद्ध इस्मा निर्माण कोष** खडा गरिनेछ।

३.४ बहुवर्षीय एवम् गाउँपालिकास्तरीय ठूला तथा गौरवका योजना निर्माणमा आवश्यक बजेटका लागि संघीय तथा प्रादेशिक सरकारको सहयोग जुटाइनेछ।

३.५ विद्युत सुविधा विस्तार र व्यवस्थित गर्न **इस्मा विद्युत बोर्ड** गठन गरिनेछ। विद्युत सेवा नियमित गर्न हरेक वडामा एक जना विद्युत कर्मचारीको व्यवस्था गरिनेछ।

३.६ इस्मा गाउँपालिका वडा नं. २ को कार्यालय भवन निर्माण कार्य अघि बढाइनेछ। साथै अन्य वडाका कार्यालय निर्माणको लागी DPR गरिनेछ।

३.७ जिवराज आश्रित बहुप्राविधिक शिक्षालय, इस्मा प्रहरी चौकी, हस्तिचौर प्रहरी चौकीको जग्गा प्राप्तिको कार्य सम्पन्न गरी भवन निर्माण गर्न सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ।

३.८ इस्मा गाउँपालिका भित्र रहेका घोरेटा बाटोहरुलाई मर्मत संम्भार गरिनेछ।

३.९ इस्मा गाउँपालिकालाई **खरका छानामुक्त गाउँपालिका** घोषणा गरिनेछ।

३.१० आगामी आ.व. मा **हाम्रो इस्मा, उज्यालो इस्मा** कार्यक्रम अन्तर्गत उज्यालो इस्मा गाउँपालिका घोषणा गरिनेछ।

३.११ गाउँपालिका भित्रका सडकहरु मर्मत तथा हेरचाहका लागि राखिएका **सडक हेरालु (लेन्थ वर्कर)** को कार्यक्रमलाई निरन्तरता दिइनेछ।

भगत सिंह खड्का
अध्यक्ष

### ४. वन वातावरण तथा विपद् व्यवस्थापन

४.१ विपद् व्यवस्थापनका लागि वर्षातका कारण उत्पन्न भलको परम्परागत निकास र आधुनिक व्यवस्थापन जस्ता आधारहरु लिई उचित व्यवस्थापन गरिने र त्यसबाट सडक, बस्ती, खेतीयोग्य जमीनमा हुने क्षतिलाई न्यूनीकरण गरिनेछ।

४.२ आगलागी, चट्याङ र मनसुनजन्य विपद्को कारण क्षति भएका घरहरुलाई संघीय र प्रादेशिक सरकारको समन्वयमा मर्मत तथा निर्माण गरिनेछ।

४.३ नासिदै गइरहेका वरपिपलका बोटहरुलाई संरक्षण गर्ने नीति बनाइनेछ।

४.४ विपदमा परेकालाई तत्काल राहत र उद्धार गर्न आवश्यक संयन्त्र निर्माण गरी परिचालन गर्ने र **विपद व्यवस्थापन कोषको रकम वृद्धि** गरिनेछ। विपद व्यवस्थापन सम्बन्धी नीति, कानुन र प्रतिकार्य योजना लागु गरिनेछ। विपदमा संलग्न जनशक्तिलाई प्रशिक्षण र उपकरणको व्यवस्था मिलाइनेछ।

४.५ इस्मा गाउँपालिकामा **दिगो तथा वातावरण मैत्री विकास** गर्न लागि **हरित सडक**को अवधारणालाई प्रवर्द्धन गरिनेछ। परम्परागत पोखरी, कुवा तथा मुहानहरुको संरक्षण र सम्भार गर्ने कार्यलाई अगाडि बढाइनेछ।

४.६ प्राकृतिक स्रोत साधन,माटो, ढुङ्गा, गिटी, बालुवा, वन पैदावार लगायतको उत्खनन् र उपयोग लाई सम्बन्धित निकाय संगको समन्वयमा थप व्यवस्थित गरिनेछ।

४.७. २०७२ सालको महाभुकम्प र २०७७ असार १८ गतेको अविरल वर्षाको कारण बाढी पहिरोले वडा नं.१ र ४ को प्रभावित क्षेत्रमा सुरक्षित बसोबास व्यवस्था मिलाउने गरी प्रक्रिया अगाडी बढाउन **बायो इन्जिनियरिङ** सम्भाव्यता अध्ययन गरिनेछ।

### ५. संस्थागत विकास, सेवा प्रवाह, सुशासन र विविध

५.१ सेवा प्रवाहमा प्रविधिको उपयोगलाई प्रबर्द्धन गरिनेछ।

५.२ गरीबीको रेखामुनि र सिमान्तकृत समुदायको उत्थानका लागि वर्ग लक्षित विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५.३ **E-Governance / Paper less Governance** को अवधारणालाई मूर्तरुप दिइनेछ।



भगत सिंह खड्का
अध्यक्ष

५.४ इस्मा गाउँपालिकाको मुख्य नाका छल्दीपनाहामा सि.सि.टि.भि. क्यामराको व्यवस्था सहित नगर प्रहरी बिट निर्माण गरिनेछ। नगर प्रहरीको भूमिकालाई आवश्यकता अनुसार आधुनिकिकरण गरिनेछ।

५.५ व्यक्तिगत घटना दर्तामा **अनलाइन प्रणाली**, राजस्व संकलनमा **सफ्टवेयर** र सामाजिक सुरक्षा भत्तामा वितरणमा **बैंकिंग प्रणाली**लाई निरन्तरता दिइनेछ । **टोल-टोलमा सामाजिक सुरक्षा भत्ता**को सेवा सुविधा उपलब्ध गराइनेछ।

५.६ **शिघ्र सेवा, तिव्र विकास**को अवधारणा अनुरुप गाउँपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवा नागरिकले छिटो, छरितो, प्रभावकारी र गुणस्तरीय सेवा महशुस गर्न सक्ने गरी प्रदान गर्न **नागरिक सहायता कक्ष (Help Desk)** स्थापना गरिनेछ।

५.७ गाउँपालिका अन्तर्गतका सबै कार्यालय तथा विद्यालयहरुलाई सेवाग्राही मैत्री, सुविधायुक्त तथा प्रविधिमैत्री बनाउँदै लगिनेछ।

५.८ गाउँपालिकालाई प्रविधिमैत्री र डिजिटल बनाउनको लागि गाउँपालिकाको **आई.एल.जी.** प्रोफाइल, सुरक्षित डाटा भण्डारणको लागि डाटा व्याकप सर्भर, मुख्य प्रवेशद्वार तथा स्थानमा सि.सि.टि.भि. क्यामरा, **डिजिटल घरधुरी नम्बर, सूचना प्रविधि ज्ञान पार्क**हरुको स्थापना, **डिजिटल सूचना पाटी**को माध्यमद्वारा समय, मौसम, महत्वपूर्ण सुचना तथा जानकारी, विपद् सम्बन्धी पूर्व जानकारी सूचना प्रणाली, सेनिटरी प्याड ATM र वाटर ATM, आर्टिफिसियल इन्टेलिजेन्स सहितको सूचना संम्प्रेषण प्रणाली, **ई-पेमेन्ट, अनलाईन हाटबजार**, अनलाइन शिक्षा, **टेलिमेडिसिन ई-टुरिजम, ई-ट्रावल** सहितको एकिकृत **डिजिटल इस्मा**को परिकल्पनालाई गाउँपालिकाको गौरवको योजनाको रुपमा अगाडी बढाउँदै लगिनेछ।

५.९ गाउँपालिकाबाट सम्पादन हुने न्याय प्रणालीलाई सरल, सहज र सबैको पहुँचमा पुर्याइने छ। प्रत्येक वडामा **मध्यस्थता र सामुदायिक मेलमिलाप केन्द्र**को गठन/पुर्नगठन गरी न्याय सम्पादनमा सहजिकरणका लागि मेलमिलाप केन्द्रका पदाधिकारीको पुर्नताजगी तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५.१० न्यायिक समितिको क्षमता अभिवृद्धिका जस्ता कार्यक्रमलाई परिमार्जन सहित थप प्रभावकारी बनाइनेछ।

भगत सिंह खड्का
अध्यक्ष

५.११ न्यायिक समितिमा परेका उजुरीहरुलाई आवश्यकता अनुसार मेलमिलापकर्ता परिचालन गरी सामुदायिक स्तरबाटै समाधान गरिनेछ ।

५.१२ नागरिकहरुलाई निष्पक्ष न्याय प्रदान गर्न **छलफल कक्ष (न्यायिक इजलास)** गठन गरिनेछ। न्याय प्रणालीमा हुने ढिला सुस्तीलाई निरुत्साहित गरिनेछ।

५.१३ **महिला स्वास्थ्य स्वयंसेविका सम्बन्धी कार्यविधि** निर्माण गरिनेछ।

५.१४ नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा प्रदत्त अधिकार बमोजिम गाउँपालिकालाई आवश्यक ऐन, नियम र कार्यविधिहरु जारी तथा संशोधन गर्ने कार्यलाई आर्थिक वर्ष २०७९/८० मा निरन्तरता दिइनेछ। ऐन नियमहरु तर्जुमा गर्दा सरोकारवाला पक्ष र विज्ञहरुको सुझाव तथा प्रशिक्षण लिने नीति लिइनेछ।

५.१५ सेवाग्राहीलाई सुशासनको अनुभूति दिलाइनेछ तथा **भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता**को नीति अवलम्वन लिइनेछ।

५.१६ प्रभावकारी सेवा प्रवाहका लागि इस्मा गाउँकार्यपालिकाको कार्यालयमा स्तनपान कक्ष स्थापना गरिनेछ।

५.१७ गाउँपालिकाको आन्तरिक स्रोत वृद्धि गर्न करको दायरा विस्तार गरिदै लगिनेछ। उत्कृष्ट करदातालाई सम्मान र करछली गर्नेलाई दण्ड जरिवाना गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

५.१८ सबै वडाका टोलहरुमा टोल विकास समिति गठन गरी सामाजिक सेवाका कार्यमा सहभागी गराइनेछ।

५.१९ गाउँपालिका क्षेत्रभित्र रहेका सबैप्रकारका सार्वजनिक सम्पतिहरुको क्षेत्रगत अभिलेखीकरण गरी संरक्षण र बहुपयोगमा ल्याउने कार्यलाई अगाडि बढाइने छ।

५.२० **जनतासँग जनप्रतिनिधि** कार्यक्रम सञ्चालन गरी जनप्रतिनिधिलाई जनताप्रति उत्तरदायी बनाइनेछ।

५.२१ सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन **सार्वजनिक सुनुवाई** कार्यक्रम संचालन गरिनेछ।

भगत सिंह खड्का
अध्यक्ष

५.२२ पत्रकारिता प्रोत्साहनका लागि कार्यसम्पादन मूल्याङकनका आधारमा **पत्रकार सम्मान** कार्यक्रम आरम्भ गरिनेछ।

५.२३ गाउँपालिकाको वास्तविक अवस्था बुझ्नको लागि समग्र वस्तुस्थिति समेटेर **वृत्तचित्र** निर्माण गरिनेछ।

**आदरणीय गाउँ सभा सदस्य ज्यूहरु!**

हामी इस्माली जनताका प्रतिनिधि हौं। यो अवसरलाई पूर्णत जनताको सेवामा सदुपयोग गर्दै इस्मालीलाई खुसी र इस्मालाई समृद्ध बनाउने अभियानमा समर्पित हौं। **खुशी, सुखी, समृद्ध र समुन्नत** इस्मा निर्माणमा एकजुट भएर क्रियाशिल हुन समस्त इस्माबासीहरुको प्रेरणा मिली रहोस्।

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न महत्त्वपूर्ण सुझाव र सल्लाह सहित सहयोग गर्नुहुने देश तथा विदेशमा रहनु भएका महानुभावहरु, इस्माबासी नागरिकहरु, गाउँसभा सदस्यहरु, राजनीतिक दल, कार्यालयका कर्मचारी, नगर प्रहरी, पत्रकार लगायत सम्पूर्णमा हार्दिक धन्यवाद !

**०८ आषाढ,२०७९**

भगत सिंह खड्का
अध्यक्ष

**भगत सिंह खड्का**

**अध्यक्ष**